


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १ गते बिहीबार ❑ 16 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेस सभापतिमा पुनः देउवा

रासस
काठमाडौं, २९ मंसिर



प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको १४औं महाधिवेशनबाट सभापति पदमा पुनः निर्वाचित हुनुभएको छ।

सभापतिका लागि मङ्गलबार भएको पुनः मतदानबाट उहाँ विजयी हुनुभएको हो । देउवा दोस्रो कार्यकालका लागि सभापतिमा विजयी हुनुभएको हो । सभापति देउवा प्रतिस्पर्धी डा शेखर कोइरालालाई ९०७ मतान्तरले पराजित गर्दै विजयी हुनुभएको हो । मङ्गलबार राति सम्पन्न मतगणनामा जम्मा खसेको मत ४ हजार ६२३ मा देउवाले २ हजार ७३३ मत प्राप्त गर्नुभएको थियो भने डा कोइरालाले १ हजार ८५५ मत प्राप्त गर्नुभएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। जम्मा ३५ मत बदर भएको थियो। दिउँसो ३:३० बजेदेखि सुरु भएको मतदान राति ९ बजे सम्पन्न भएको थियो। मतदानमा कुल चार हजार ७४३ मतदातामध्ये चार हजार ५७४ ले मतदान गरेका थिए। सोमबार भएको निर्वाचनमा सभापति पदका पाँच जना प्रत्यासी कसैले पनि ५० प्रतिशत भन्दा बढी मत ल्याउन नसकेपछि पार्टी विधानअनुसार सबैभन्दा बढी मत ल्याउने प्रधानमन्त्री एवं वर्तमान पार्टी सभापति देउवा र नेता डा शेखर कोइरालाबीच मङ्गलबार पुनः मतदान भएको हो।

सोमबार भएको मतदानमा प्रधानमन्त्री एवं वर्तमान सभापति देउवाले दुई हजार २५८ उहाँका निकटतम प्रतिद्वन्द्वी पार्टीका केन्द्रीय सदस्य डा कोइरालाले एक हजार ७०२ मत प्राप्त गर्नुभएको थियो । सभापतिका अन्य प्रत्यासी पूर्व महामन्त्री प्रकाशमान सिंहले ३७१, उपसभापति विमलेन्द्र निधिले २५०, र केन्द्रीय सदस्य कल्याण गुरूङले २२ मत प्राप्त गर्नुभएको थियो । कांग्रेस विधानअनुसार सभापतिमा निर्वाचित हुन खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुन्छ । पहिलो पटक कुनै पनि उम्मेदवारले ५० प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाबीच पुनः मतदान गर्ने विधानको व्यवस्था छ। पुनः मतदान हुँदा बढीमत प्राप्त गर्ने उम्मेदवार विजयी हुने व्यवस्था छ।

## एमाले गण्डकी प्रदेशका पदाधिकारीले पदभार ग्रहण गरे

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



नेपाल कम्युनिस्ट पार्टी एमाले गण्डकी प्रदेशका नवनियुक्त पदाधिकारीहरूले बुधबार पदभार ग्रहण गरेका छन।

केन्द्रीय कमिटीको दोस्रो पुर्ण बैठकबाट गण्डकी प्रदेशको अध्यक्षमा नवराज शर्मा म्याग्दी, उपाध्यक्ष मोहन रेग्मी स्याङ्जा, सचिव धनञ्जय दवाडी लम्जुङ्ग, उप सचिव रश्मि आचार्य कास्की र मञ्जु अधिकारी पर्वतलाई मनोनीत गरेको थियो। उनीहरूलाई बुधबार सपथ ग्रहण गराइएको छाएमाले केन्द्रीय कमिटी सचिव एवं गण्डकी इन्चार्ज पद्मा अर्यालले प्रदेश अध्यक्ष नवराज शर्मालाई सपथ ग्रहण गराइन। अध्यक्ष शर्माले उपाध्यक्ष रेग्मी, सचिव दवाडी, उपसचिव आचार्य र अधिकारी तथा सदस्य तुल्सीराम अर्याल बाग्लुङलाई सपथ ग्रहण गराएका थिए। एमाले केन्द्रीय कमिटीका उप महासचिव पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा केन्द्रीय कमिटीका सचिव अर्याल, स्थायी कमिटी सदस्य किरण गुरुङ, पोलिटब्युरो सदस्यहरू जगत विश्वकर्मा, सीता गिरी ओली, मन कुमारी जिसी, केन्द्रीय सदस्य माया नाथ अधिकारी, प्रदेश अध्यक्ष नवराज शर्माले एमालेलाई देशको पहिलो पार्टी बनाउने गरि गण्डकीको कामलाई अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए। जगत बिकको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशको ईन्चार्ज सहइन्चार्ज र प्रदेशका पदाधिकारीहरूलाई उप महासचिव पृथ्वीसुब्बा र स्थायी कमिटी सदस्य किरण गुरुङले सम्मान गरेका थिए।

## वडा कार्यालय भवनको शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



पोखरा महानगरपालिका-८ स्थित न्यूरोडमा वडा कार्यालय भवन निर्माण गरिने भएको छ।

महानगरका कार्यवाहक प्रमुख मञ्जुदेवी गुरुङले सो भवनको आज शिलान्यास गर्दै महानगरले पूर्वाधार विकासलाई प्राथमिकतामा दिएको बताउनुभयो। कूल चौध आना जग्गामा भूमिगत पार्किङ, लिफ्टसहित ६ आनामा पाँच तल्ले सुविधा सम्पन्न कार्यालय र बाँकी जग्गामा बगैंचा अन्य आवश्यक संरचना निर्माण हुने सो भवनको लागत रु दुई करोड ९७ लाख रहेको इञ्जिनीयर नरेन्द्र बस्यालले जानकारी दिनुभयो । नगरपालिकाका ३३ वडामध्ये आठ नयाँ भवन निर्माण गरिनुका साथै ११ वटा कार्यालयको स्तरोन्नति गरिएको छ भने अन्य निर्माणाधीन अवस्थामा र पाँच वटाको जग्गा प्राप्तिको लागि पहल भइरहेको जनाइएको छ । महानगर प्रवक्ता धनबहादुर नेपालीले महानगरका बासिन्दालाई प्रविविमैत्री सेवा प्रवाहमा नवनिर्मित सुविधान सम्पन्न भवन कोषेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो।

वडा नं ८ का वडाध्यक्ष रुद्र बरालका अध्यक्षतामा भएको कार्यक्रममा पोखरा ३ का वडाध्यक्ष रवीन्द्र प्रजु, प्रमुख प्रशासकीय बलराम रिज्याल, वडासदस्य कृष्णमान ठुसाजु, निर्माण कम्पनीका खेम तिमिल्सिना, वडासचिव सविता ढुङ्गानालगायतले तोकिएका समयमा विकास निर्माण सम्पन्न हुनुपर्नेमा जोड दिनुभएको थियो । पोखराकै मुख्य सडकमा वडा कार्यालय भवन निर्माणसँगै सेवाग्राहीको सुरक्षा र सुविधाका लागि तत्काल आकाशे पुल निर्माणमासमेत ध्यान दिनुपर्ने वडावासीको माग छ।

## गण्डकी प्रज्ञा प्रतिष्ठानको तेस्रो प्राज्ञ सभा बैठक सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



गण्डकी प्रज्ञा प्रतिष्ठानको तेस्रो प्राज्ञ सभा बैठक बुधबारबाट पोखरामा सुरु भएको छ।

बैठकको उद्घाटन समारोहमा बोल्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले गण्डकी प्रज्ञा प्रतिष्ठानको क्रियाशिलताप्रति खुशी व्यक्त गर्दै प्रतिष्ठानले जग बसाउँदैछ भन्ने आभाष आफूले गरेको बताउनुभयो । 'अहिले जग हाल्ने समय हो, मलाई प्रतिष्ठानले जग बसाउँदैछ भन्ने आभाष भएको छ, जग जति बलियोसँग हाल्न सक्नुहुन्छ त्यति मजबुत हुन्छ' उहाँले भन्नुभयो।

गण्डकी प्रज्ञा प्रतिष्ठानको गठन र चयन प्रक्रिया प्रति आफ्ना केही विमती रहेको भएपनि प्रतिष्ठान गठन पश्चात प्रतिष्ठानले गर्ने कार्यमा सदैव साथ रहेको र आगामी दिनमा समेत रहने बताउनुभयो। प्रतिष्ठान प्रारम्भीक अवस्थामा रहेकोले भोली फेरी विमती आउन नदिन विधानलाई परिमार्जन गर्न उहाँको सुझाब छ। प्रतिष्ठानले देखेका सपना सुन्दर भएकोले ती सपना पुरा गर्न सबैजना दत्तचित्त भएर लाग्नुपर्नेमा उहाँको जोड थियो । 'खोज अनुसन्धान गर्ने कार्य प्रतिष्ठानले गर्नुपर्छ, प्राथमिकता केलाई दिने हो भन्ने ध्यान दिनुपर्छ' उहाँले थप्नुभयो। प्रतिष्ठानका कार्यक्रम गण्डकी प्रदेशका सबै ठाउँमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बजारबाट ल्याएको खाद्य बस्तुले मात्र होमस्टेको प्रबर्द्धन हुन सक्दैन: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बजारबाट ल्याएको खाद्य बस्तुले मात्र गाउँ गाउँमा संचालनमा रहेका होमस्टेलाई दिगो रुपमा संचालन गर्न नसकिने बताउनु भएको छ।

पोखरा २२ मा रहेको भुम्दी टुनार सामुदायिक होमस्टेको हालै निर्माण भएको बाटोको बुधबार एक समारोहका बिच उद्घाटन गर्दै मन्त्री बरालले होमस्टेको प्रबर्द्धन गर्न गाउँ गाउँमै खाद्य बस्तुहरु उत्पादन गर्नुपर्ने अन्यथा होमस्टेलाई दिगो रुपमा संचालन गर्न नसकिने बताउनु भएको हो।

प्रकृति र संस्कृतिको धनि नेपाल र गण्डकी प्रदेशका गाउँ गाँउको आर्थिक विकास र समृद्धिको लागि होमस्टेले समेत थप सहयोग गर्ने हुँदा गाउँको विकासको लागि गाउँकै माटो सुहाउदो उत्पादनमा जोडदिनुपर्ने उहाँको भनाई थियो । गण्डकी प्रदेश सरकारले पर्यटनलाई विकासको पहिलो पूर्वाधारको रुपमा अघि सारेकोले उक्त अभियानलाई होमस्टेले थप टेवा पुग्ने मन्त्री बरालले जनाउनु भयो। होमस्टेलाई राम्रोसंगै संचालन गर्न सकेको खण्डमा शहर केन्द्रित भएकाहरुलाई पुनः गाउँ फर्क अभियानको रुपमा गाउँमा फर्काउन सकिने मन्त्री बरालको दाबी छ। पोखराको छोरेपाटन देखि शान्ति स्तुपा, लुकुन्स्वाँरा, भुम्दी, ढावा, उल्लेरी हुदै कुभिण्डेसम्मको सडक स्तरोउन्नतीमा समेत बिषेश ध्यान दिने मन्त्री बरालले बताउनु भयो। पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले मन्त्री बरालको बिषेश पहलमा पोखरा २२ मा चालु आर्थिक बर्षमा करिब साँढे दुई करोड बजेट विनियोजन भएको बताउनु भयो। होमस्टे दिगो रुपमा संचालन गर्न अनुदानले मात्र नहुने उहाँले बताउनु भयो । प्रकृति, संस्कृति र फलफुल तरकारीको खानीको रुपमा भुम्दी भुम्दी रहेको अध्यक्ष बरालको भनाई छ। सहकारीकर्मी एवं माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष नवराज बरालले पुम्दीको साग तथा काक्रोले छुट्टै पहिचान बनाएको दाबी गर्नु भयो। कृषिबाट पुम्दी भुम्दीको पर्यटन विकास गर्न सकिने उहाँले बताउनु भयो।

कालाभाङ सामुदायिक होमस्टेका अध्यक्ष प्रकाशचन्द्र गुरुङले कोभिड १९ ले होमस्टेलाई खासै प्रभाव नभएको दाबी गर्नु भयो । होमस्टे होटल जस्तो नभई आफ्नै घरमा आउने पाहुनाको रुपमा उनीहरुलाई स्वागत गरिने भएकोले यसमा कोरोनाले खासै प्रभाव नभएको उहाँको भनाई थियो। भुम्दी टुनार आमा समुहका अध्यक्ष राधा गुरुङले मन्त्री बरालको आगमनले गाउँको मुहार फेरीने विश्वास व्यक्त गर्नु भयो । सडक स्तरोउन्नती, कृषि प्रबर्द्धन लगायतका पूर्वाधार निर्माण गर्नूपर्ने उहाँले माग गर्नु भयो। कप्तान दीलकाजी गुरुङले पुम्दी भुम्दीको विकट क्षेत्र भएकोले पुम्दीका केही व्यक्तिहरु विस्थापित भएकोले बाँकी रहेकालाई गाउँमै बस्ने वातावरण सृजना गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने गुनासो गर्नु भयो।

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयबाट १० लाख र संघिय सांसद एवं पूर्व युवा तथा खेलकुद मन्त्री जगत बहादुर विश्वकर्माको संसद विकास कोषबाट ५ लाख, स्थानियको समेत सहभागितामा निर्माण भएको ढलान तथा सिढी बाटो हालै निर्माण भएको हो । होमस्टेका अध्यक्ष नानीमाया गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष धनमाया गुरुङ, सचिब शान्ति गुरुङ लगायतले वोल्नु भएको थियो । ११ घरमा रहेको उक्त होमस्टेमा एकै रातमा एक सय जना पर्यटकहरुलाई व्यबस्थापन गर्न सकिने भएको अध्यक्ष गुरुङले बताउनु भयो।



# फेवातालमा माछाका भुरा छाडियो

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

पोखराको फेवातालमा १६ हजार माछाका भुरा छोडिएको छ।

पोखरा महानगर पालिकाका कार्यवाहक प्रमुख मञ्जुदेवी गुरुङले पोखरा १८ खपौदीमा हालै आयोजित कार्यक्रममा फेवातालमा माछाका भुरा छाड्नुभएको हो।

उहाँले फेवातालमा पाइने स्थानीय जातका माछा संरक्षण गर्दै तालका माछालाई 'ब्राण्डिङ' गर्नुपर्नमा जोड दिनुभयो। पोखरा महानगरका प्रवक्ता धनबहादुर नेपालीले फेवाताललाई थप आकर्षण बनाउन माछाको बारेमा अध्ययन गर्न थलोको रुपमा विकास गर्न सकिने धारणा राख्नुभयो । पोखरा महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले फेवातालको स्वच्छ र सफा माछालाई ब्राण्डिङ गरेर बिक्री वितरणका लागि



बजारीकरण र विविधीकरण गर्नुपर्ने बताउनुभयो । स्थानीय ज्ञानबहादुर जलारीले फेवातालमा करेन्ट र विषादी प्रयोगले स्थानीय जातका माछा लोप हुँदै गएको र सम्बन्धित निकायले चासो नदिएको बताउनुभयो । जलारी समुदायको जीवनयापनको आधार भएको माछा भएको र यसको लागि उत्पादन संरक्षणमा महानगरले विशेष चासो दिनुपर्ने उहाँको भनाइ थियो।

उक्त वडाका अध्यक्ष रणबहादुर थापाको सिल्भर काप र विगहेड जातका १६ हजार माछा तालमा छाडिएको जानकारी दिनुभयो। वडास्तरीय बजेटबाट तालमा माछाका भुरा छाडिएको जनाउँदै माछाबाट स्थानीय जलारी समुदायको जीवनस्तर उकास्न सहज भएको धारणा राख्नुभयो।

# पोखरामा पहिलोपटक शहीद स्मारक 'ए डिभिजन लिग'का खेल

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

शहीद स्मारक 'ए डिभिजन फुटबल लिग'को इतिहासमा पहिलो पटक पोखरामा लिगका खेल सञ्चालन हुँदैछन् । विसं २०११ देखि नेपालमा शहीद स्मारक लिग सुरु भएकामा पहिलोपटक मोफसलले लिग आयोजनाको अवसर पाएको छ।

लिग सुरु भएको ६७ वर्षपछि मनाङ मर्स्याङ्दी क्लबको अग्रसरतामा पोखराले लिगको आतिथ्य गर्ने मौका पाएको हो । पोखरा रङ्गशालालाई मनाङले 'होम ग्राउण्ड' बनाएपछि उसले खेल्ने तीन खेल यहाँ सञ्चालन हुनेछन् । अखिल नेपाल फुटबल सङ्घ(एन्फा)ले राजधानी काठमाडौंमा जारी 'कतार एवरवेज शहीद स्मारक ए डिभिजन लिग'को चौथो चरणका खेल समाप्तिपछि मनाङका तीन खेल यहाँ आयोजना हुन लागेको जनाएको छ।

लिग निर्देशक सञ्जीव मिश्रका अनुसार पाँचौं चरणमा आगामी पुस ३ गते मनाङ मर्स्याङ्दीले नेपाल पुलिस क्लबसँग पोखरा रङ्गशालामा खेल्नेछ। यसैगरी मनाङले पुस ११ गते ब्रिगेड ब्वाइजक्लबसँग र पुस २४ गते च्यासल युथ क्लबसँग खेल्ने तालिका छ।

पहिलो खेलका लागि दुवै टोलीका खेलाडी, एन्फा पदाधिकारी तथा लिग निर्देशक र अफिसियलको टोली पोखरा आइपुगेको छ। काठमाडौं केन्द्रित लिग यसवर्षदेखि राजधानी बाहिर आएको लिग निर्देशक मिश्रले बताउनुभयो । एन्फाले आगामी दिनमा राष्ट्रिय लिगलाई देशका प्रमुख रङ्गशालामा लैजाने योजना बनाएको बताइन्छ।

उहाँले भन्नुभयो, "यस वर्षको लिग सुरु गर्नुअघि हामीले दशरथ रङ्गशाला, च्यासल, एन्फा कम्प्लेक्स र पोखरा रङ्गशालामा खेलाउँछौं भनेका थियौं। एन्फाको चाहना र मनाङको अग्रसरतामा लिग पोखरा आएको छ। लिगलाई राष्ट्रियस्वरूप दिएर मेचीदेखि महाकालीसम्मका स्टेडियमा खेलाउने र सबैले अपनत्व लिन सकोस् भन्ने चाहना राखेका छौं ।" 'ए डिभिजन लिग'लाई एन्फाले राउण्ड रोबिनको योजना बनाएपनि कोभिड-१९ का कारण सम्भव नभएको बताइन्छ। लिगमा सहभागी १४ क्लबले एकआपसमा खेल्नेछन् । हालसम्म २८ खेल दशरथ रङ्गशालामा सम्पन्न भएका छन्।

पोखरा फुटबल रङ्गशालालाई मनाङ मर्स्याङ्दी क्लबले आफ्नो होम ग्राउण्ड बनाउन राष्ट्रिय खेलकूद परिषद् र एन्फासँग सहमति लिएको छ । मनाङले खेल्ने तीनवटै खेलका सबै खर्च उसैले बेहोर्ने छ। सोहीअनुसार मनाङले क्लबसँग सहमति गरेर पोखरामा खेल्न विपक्षी टोलीलाई निम्ता गरेको लिग निर्देशक मिश्रले बताउनुभयो । उहाँले भन्नुभयो, "एन्फाले कुनै क्लबलाई पोखरामा खेल्नुहोस् भनेर आग्रह गर्दैन । क्लबकाबीच एकापसमा सहमति भएर पोखरामा खेल्न तयार छौं भनेर सहमति बुझाएपछि एन्फाले आफ्नो खेल तालिकामा राखेको हो।"

एन्फाले सुरुआतमा तीन खेलको तालिका पोखरामा राखे पनि आगामी दिनमा अन्य खेल पनि यही हुनसक्ने जनाएको छ। लिगको दसौं चरणपछि क्लबको नम्बर बराबर हुने अवस्थामा एउटै समयमा विभिन्न रङ्गशालामा खेलाउनुपर्ने अवस्थामा पोखरालाई पनि प्रयोग गर्न सकिने बताइन्छ। मनाङ मर्स्याङ्दी क्लब उपाध्यक्ष एवं एन्फाका केन्द्रीय सदस्य विजय घलेले लिगका खेल काठमाडौं बाहिर पनि लैजाने एन्फाको योजनामा आफूहरुले साथ दिएको बताउनुभयो । यसलाई पोखराबाट सुरु गर्नुपर्दछ भनेर क्लबले अग्रसरता लिएको बताउनुभयो । पोखरामा मनाङका समर्थक बढी रहेको र खेल गतिविधिका कारण पोखरा खेलकूद सहर बन्दै गएकालेसमेत मनाङको प्राथमिकता पोखरा रहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "पोखरामा मनाङका 'फ्यान' पनि बढी छन्, यसका साथै नेपालको एउटा स्पोर्टस् क्यापिटल पनि पोखरा हो। दर्शकको चाहना पनि यहाँ खेल होस् भन्ने रहेकाले हामीले छनोट गऱ्यौं ।" घलेले पोखरामा हुने खेलमा दर्शकको राम्रो साथ पाउने विश्वास लिइएको जनाउनुभयो।

एन्फाका केन्द्रीय उपाध्यक्ष उपेन्द्रमान सिंहले पोखरामा सञ्चालन हुने खेल व्यवस्थितरूपमा सम्पन्न हुने बताउनुभयो। उहाँले फुटबललाई माया गर्ने समर्थकका लागि सुवर्ण अवसर रहेको भन्दै खेल पर्यटन प्रवर्द्धनमा खेलले सघाउने बताउनुभयो।

# गण्डकी धौलागिरी पेट्रोलियम डिलर्सका अध्यक्ष गोगंजूलाई पितृ शोक

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसन अध्यक्ष एवं पोखरा उद्योग बाणिज्य संघका कार्यसमिति सदस्य राजन गोगंजूलाई पितृ शोक परेको छ।

गोगंजूका पिता बुद्धिप्रसाद गोगंजूको ७२ बर्षको उमेरमा सोमबार राती रानीपौवा स्थित आफ्नै निवासमा निधन भएको हो। स्वर्गिय गोगंजूमा मधुमेह र फोक्सो सम्बन्धी समस्या रहेको थियो।

रानीपौवा आयल स्टोर्स स्थापना गरेर पेट्रोलियम पदार्थको कारोबार गर्दै आउनु भएका स्वर्गिय गोगंजूले रानीपौवा तायमचा नाच समितिको अध्यक्ष, रानीपौवा नेवा कच खलःको अध्यक्ष, भिमसेन सिं गुठीको संस्थापक अध्यक्ष र वडा सदस्य समेत भएर कार्य गर्नु भएको थियो । स्वर्गिय गोगंजुको मंगलबार बिहान पोखरा रामघाटमा अन्त्येष्टी गरिएको छ। गोगंजूका श्रीमती र तीन छोराहरु छन्।

# सिलवाललाई हटाउने निर्णय कार्यान्वयन नगर्न आदेश

रासस
काठमाडौं, २९ मंसिर

सर्वोच्च अदालतले राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश सिलवाललाई हटाउने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ।

न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले बुधबार परिषद्का सदस्य सचिव सिलवाललाई हटाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको हो। सरकारको सिलवाललाई हटाए टङ्क घिसिङलाई सदस्य सचिव नियुक्त गर्ने निर्णयविरुद्ध सिलवालले सर्वोच्च अदालत रिट निवेदन दायर गर्नुभएको थियो। अदालतले आगामी पुस १२ दुवै पक्षलाई छलफलमा झिकाउने आदेश गरेको छ । सर्वोच्च अदालतले यसअघि ओली सरकारले नियुक्ति गरेको तर वर्तमान सरकारले हटाएको नेपाल स्काउटका लोकबहादुर भण्डारी, युवा स्वरोजगार कोषका कल्याण रोक्का र राष्ट्रिय प्रकृति संरक्षण कोषका डा कृष्णप्रसाद ओलीलाई पुनर्बहाली गरेको छ।

# एक वर्षमा ११ किमी सडक कालोपत्रे

पोखरापत्र संवाददाता
दमौली, २९ मंसिर

आर्थिक वर्ष ०७७/७८ मा व्यास नगरपालिकाले ११ किलोमिटर सडक कालोपत्रे गरेको छ।

पूर्वाधार निर्माणलाई जोड दिएको नगरपालिकाले एकवर्षका अवधिमा विभिन्न ठाउँका सडक कालोपत्रे गरेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाका प्रमुख वरिष्ठ इन्जिनियर डा राजु पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सोही अवधिमा ५.१५ किमी सडक ग्राभेल भएको छ भने ७.०५ किमी सडकको नयाँ ट्र्याक खोलिएको छ भने ७४.८५ किमी सडकको स्तरोन्नति तथा मर्मत सुधार गरिएको छ । नगरपालिकाले ५५५ नयाँ धारा निर्माण, १२२ खानेपानी योजना मर्मत सुधार र २५ हजार १०० ढल निर्माण तथा सुधार गरेको जनाएको छ । डा उहाँले व्यास-११ तनहुँसुर जाडने खड्गकाली मार्गमा हालसम्म एक हजार ५०० मिटर सडक कालोपत्रे गरिएको र पाँच हजार ७७५ मिटर नाला निर्माण सम्पन्न भएको बताउनुभयो। खड्गकाली मार्ग कालोपत्रेका लागि व्यास नगरपालिकाको रु पाँच करोड र सङ्घीय सरकारको रु पाँच करोड लगानी छ।

"खड्गकाली मार्गको सङ्घीय सरकारको समपुरक अनुदानमार्फत स्वीकृत भई गत आर्थिक वर्षमा नै टेन्डर स्वीकृत भई सम्झौता पश्चात् काम भइरहेको छ," शाखा प्रमुख डा पौडेलले भन्नुभयो, "बाटो चौडाका लागि कटिङको काम, ग्याबियन लगाउने काम, प्लम कङ्क्रिटको नाला बनाउने काम सकिएको छ । हालसम्म कूल कामको करिब ८० प्रतिशत काम भइसकेको छ।"

यसैगरी दमौली केशवटार मार्ग (केशवटार बजार) मा ६ सय ६७ मी सडक कालोपत्रे भएको छ भने ६ सय ५० मी नाला निर्माण भएको छ। दमौली केशवटार मार्ग (पोखरीभञ्ज्याङ बजार) मा आठ सय मी सडक कालोपत्रे भएको छ भने ६ सय ९१ मी नाला निर्माण भएको छ। क्यामिन मार्गमा ८६५ मी सडक कालोपत्रे भएको छ भने ४२५ मी नाला निर्माण भएको छ।

कलेस्ती मार्गमा एक हजार १८० मी सडक कालोपत्रे भएको छ भने एक हजार १६० मी नाला निर्माण भएको छ। वडा कार्यालय पहुँच मार्ग व्यास-१० मा ७९० मी सडक कालोपत्रे भएको छ भने ४८२ मी नाला निर्माण भएको छ। छिर्कन वडा कार्यालय मार्गमा ४०५ मिटर सडक कालोपत्रे भएको छ भने ४१६ मिटर नाला निर्माण सम्पन्न भएको छ । कमलबारी वडा कार्यालय मार्गमा ५५२ मी सडक कालोपत्रे भएको छ भने ५४४ मी नाला निर्माण सम्पन्न भएको छ। महेन्द्री मार्ग (शिशाघाट) मा ३०० मी सडक कालोपत्रे भएको छ भने २९७ मी नाला निर्माण भएको छ। तालघरे दुम्सीचौर मार्गमा ३८८ मी सडक कालोपत्रे भएको छ भने २४६ मी नाला निर्माण भएको छ । नगरपालिकाले सोही अवधिमा तीन भ्युटावर निर्माण, दुई जातीय सांस्कृतिक सङ्ग्रहालय, ६ होमस्टे, चार पर्यटक पदमार्ग निर्माण तथा सुधार गरेको शाखा प्रमुख डा पौडेलले जानकारी दिनुभयो।

## गण्डकी...

विकेन्द्रित हुनुपर्नेमा समेत उहाँको आग्रह छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्यसचिव तीर्थ श्रेष्ठले गण्डकी प्रज्ञा प्रतिष्ठानले छोटो समयमा हासिल गरेको उपलब्धी प्रति प्रशंसा गर्दै अबका दिनमा अवसर सँगै चुनौती समेत रहेको बताउनुभयो । 'सबैको काँधमा ठुलो जिम्मेवारी छ, अवसर उतिकै छ, चुनौती पनि छन्, तपाईहरुले सही ठाउँमा राखेको पाइलाले यसको भविष्य सुन्दर हुन्छ' श्रेष्ठले भन्नुभयो । गण्डकी प्रदेशको सिंगो वाङमय क्षेत्रको विकास गर्न यहाँ रहेका वाङमयिक संस्थासँग समन्वय गरेर कार्य गर्न उहाँको सुझाब छ। गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव बिनोद बहादुर कुँवरले गण्डकी प्रज्ञा प्रतिष्ठानले छोटो समयमा धेरै महत्वपूर्ण कुरा अगाडि ल्याएको बताउनुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा विम्बकवी तथा प्राज्ञ रमेश श्रेष्ठ, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, लोक दोहोरी गायक तथा प्राज्ञ प्रजापति पराजुली, प्रेस स्वतन्त्रता सेनानी वद्रि विनोद प्रतिक, पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य रामकृष्ण ज्ञवाली, पत्रकार महासंघ कास्कीका निर्वतमान अध्यक्ष दीपेन्द्र श्रेष्ठ, वरिष्ठ कलाकार प्रकाश घिमिरे, गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ र सदस्य सचिव मनकुमार श्रेष्ठले बोल्नुभएको थियो। तीन दिन सम्म चल्ने तेस्रो प्राज्ञ सभा बैठकले केही महत्वपूर्ण निर्णय गर्ने सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभएको छ।

# राष्ट्रिय क्रिकेट टोलीका चार खेलाडी कारबाहीमा

रासस
पोखरा, २९ मंसिर

नेपाल क्रिकेट सङ्घ (क्यान) ले सन्दीप लामिछानेलाई राष्ट्रिय क्रिकेट टोलीको नयाँ कप्तानमा नियुक्त गरेको छ। क्यानको आज बसेको बोर्ड बैठकले नियमित कप्तान ज्ञानेन्द्र मल्लको स्थानमा सन्दीपलाई नियुक्त गरेको हो।

क्यानले नेपाली राष्ट्रिय टोलीका कप्तान ज्ञानेन्द्र मल्ल, उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र कमल सिंह ऐरीमाथि कारबाही गरेको छ । क्यानको अनुशासन उल्लङ्घनसम्बन्धी गठन गरेको छानबिन समितिले सिफारिस गरेबमोजिम खेलाडी आचारसंहिता उल्लङ्घन गरेको भन्दै क्यानले उनीहरूलाई सन् २०२२ को सेन्ट्रल कन्ट्याकमा सुरुआती छ महिना सहभागी नगराउने निर्णयसमेत लिएको छ। ज्ञानेन्द्र सन् २०१९ मा नेपाली क्रिकेट टोलीको कप्तानमा नियुक्त हुनुभएको थियो । सन्दीपले नेपाली यु १९ राष्ट्रिय टोली हुँदै दुई फ्रेन्चाइज लिग एभरेष्ट प्रिमियर लिग (इपिएल) मा काठमाडौं किंग्स इलेभेन र पोखरा प्रिमियर लिग (पिपिएल) मा विराटनगर किंग्सको कप्तानी गरिसक्नुभएको छ।

त्यस्तै उहाँले इन्डियन प्रिमियर लिग (आइपिएल) देखि बिग ब्यास लिगसम्म खेलिसक्नुभएको छ। खेलाडीको वर्गीकरण वैज्ञानिक र व्यावहारिक नभएको भन्दै ज्ञानेन्द्र मल्लसहित केही वरिष्ठ खेलाडीको गुनासो रहेको थियो । सोही विषयलाई लिएर क्यानले खेलाडीसँग स्पष्टीकरणसमेत सोधेको थियो । खेलाडीको स्पष्टीकरण चित्तबुझ्दो नभएको र खेलाडीले आचारसंहिता उल्लङ्घन गरेको भन्दै क्यानले खेलाडीलाई कारबाही गरेको हो।

त्यसैगरी क्यानले राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षण आगामी पुस ६ गतेदेखि पोखरामा सञ्चालन गर्ने निर्णय गरेको छ। त्यस्तै बैठकले नेपाल प्रशिक्षक सङ्घलाई मान्यता प्रदान गर्ने र क्यानका पूर्वउपाध्यक्ष नरेश श्रेष्ठलाई सल्लाहकार समितिको सदस्यमा चयन गर्ने निर्णयसमेत गरेको छ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुबढार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आयुर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।





## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।





सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# कांग्रेसको कमाण्ड देउवालाई

प्रधानमन्त्री शेरबहादुर देउवा सत्तारुढ कांग्रेसको सभापतिमा पुनः निर्वाचित भएका छन् । १४औं महाधिवेशनअन्तर्गत मंगलबार भएको दोस्रो चरणको मतदानमा २७ सय ३३ मत प्राप्त गर्दै उनी सभापतिमा दोहोरिएका छन । पहिलो चरणको मतदानमा कसैको पनि बहुमत नआएपछि दोस्रो चरणमा देउवालाई हटाउनुपर्छ भन्नेहरूले समर्थन गरेर जितलाई सजिलो बनाउने काम गरे । काङ्गेसमा नेतृत्व परिवर्तनको चाहना राख्ने नयाँ पिढीलाई खल्लो बनाइदिएको छ । देउवाले कुल खसेको मतको ५९.१२ प्रतिशत मत पाउँदा उनका प्रतिद्वन्द्वी डा. शेखर कोइरालाले १८ सय ५५ अर्थात् ४०.१३ प्रतिशत मत पाए । कुल खसेको ४६ सय २३ मतमध्ये ३५ मत बदर भएको निर्वाचन समितिले जनाएको छ । काङ्गेसमा ६०% र ४०% को अवस्था कायमै रहेको छ। काङ्गेसमा कोइराला परिवारसँग जुधेर देउवा शक्तिशाली बने ।

०७२ मा भएको १३औं महाधिवेशनबाट देउवा पहिलोपटक सभापति निर्वाचित भएका थिए । पार्टीभित्र लामो अन्तर्संघर्ष गर्दै उनी नेतृत्वमा पुगेका हुन । ०६७ मा काठमाडौंमा भएको १२ औं महाधिवेशनमा सुशील कोइरालासँग ३३५ मतले पराजित भएका देउवा ०५७ मा पोखरामा सम्पन्न नवाँ महाधिवेशनमा गिरिजाप्रसाद कोइरालासँग पराजित भएका थिए । ०७० माघमा भएको संसदीय दलको नेताको चुनावमा पनि उनी सुशीलसँग पराजित भएका थिए । चर्को अन्तर्संघर्षकै कारण कारबाहीमा परेपछि देउवाले आफ्नै नेतृत्वमा ०५९ असारमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गरेका थिए । ०६४ सम्म उनले त्यसको नेतृत्व गरे । अहिले उनी पाँचौंपटक प्रधानमन्त्री छन् । पार्टी विभाजन गरेर फेरि त्यही पार्टीमा आएर दुई पटक सभापति र दुई पटक प्रधानमन्त्री बन्ने मौका पाउने भाग्यमानी बनेका छन ।

पहिलो चरणमा प्रतिस्पर्धामा उत्रिएका पाँच उम्मेद्वारमध्ये कसैले पनि ५० प्रतिशत कटाउन नसकेपछि धेरै मत ल्याउने दुई उम्मेदवार देउवा र कोइरालाबीच दोस्रो चरणको निर्वाचन भएको थियो । कुल चार हजार सात सय ४३ मतदातामध्ये पहिलो चरणमा चार हजार ६ सय ७९ मत खसेका थिए, जसमा देउवाले दुई हजार दुई ५८ अर्थात ४८.२५ प्रतिशत मत पाएका थिए । जितका लागि उनलाई ८२ मत अपुग भएको थियो । दोस्रो चरणमा देउवाले नौ सय सात मतान्तरले जित निकालेका छन् । चुनावी रणनीति बनाउन माहिर देउवाले कट्टर आलोचकलाई पनि रातारात समर्थक बनाएर सबैलाई चित खुवाएका छन।विपक्षी र मिडियाको सहानुभूति नपाएका देउवाले सत्ता र शक्तिको आडमा पासा पल्टाउन सकिन्छ भन्ने सन्देश दिएका छन।जुन लोकतन्त्रका लागि घातक हो ।

पहिलो चरणमा सभापतिका अन्य प्रत्याशी प्रकाशमान सिंहले तीन सय ७१, विमलेन्द्र निधिले दुई सय ५० र कल्याण गुरुङले २२ मत पाएका थिए । पहिलो चरणको निर्वाचनमै झन्डै जितनजिक पुगेपछि देउवामा दोस्रो चरणमा इतरपक्ष मिलेको भए पराजित हुनुपर्थ्यो । त्यसैअनुसार उनले दोस्रो चरणको निर्वाचनको तयारी र संवाद अगाडि बढाए । आफूले हारे गठबन्धन सरकार जोखिममा पर्छ र त्यसो हुँदा कांग्रेस नेतृत्वमा चुनाव हुँदैन भन्ने देउवाको चेतावनी अर्थपूर्ण रह्यो । केन्द्रीय सदस्यमा मनोनीतदेखि आगामी चुनावमा टिकट वितरणसम्ममा सबै भागबन्डा र अन्यत्र लेनदेनका कारण सहज बनाउने बाटो निधि र सिंहले रोजे । अहिले समीकरण बने पनि सिटौलासँगको शक्तिसन्तुलन मिल( इराख्न देउवाले उनीहरू दुवैका प्रस्ताव स्विकारे । त्यस्तै, वरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्री शशांक कोइराला तटस्थ बस्दा पनि देउवालाई सहज वातावारण बन्यो । पहिलो चरणमा सिंह, निधि र गुरुङले कांग्रेसमा नेतृत्व परिवर्तनको मुद्दा उठाएका थिए । त्यति मात्र होइन निधि र सिंहले त दोस्रो चरणमा धेरै मत ल्याउने इतर समूहका प्रत्यशीलाई समर्थन गर्ने घोषणासमेत गरेका थिए ।

कोइरालाको पक्षमा खुल्न चियापानमा पौडेलमाथि दबाब, तर मौन बसेर मतदान पनि बहिष्कार गरे दोस्रो चरणको मतदानअघि सभापतिका दुवै प्रत्याशी देउवा र कोइरालालाई वरिष्ठ नेता रामचन्द्र पौडेलसँग मञ्च सेयर गर्ने अवसर मिल्यो । रामचन्द्र पौडेलजस्तै डा. शशांक कोइराला पनि कुनै उम्मेदवारतिर खुलेनन् । विचार समुहका ठूला नेता आफू बाहेक अरुलाई नेतृत्व सुम्पन तयार रहेनछन भन्ने छर्लङ्ग भएको छ । काङ्गेसलाई भागबन्डाबाट जोगाएर विधि र नीतिका आधारमा चलाउने मौका देउवाले पाएका छन।देशको पुरानो र लोकतान्त्रिक पार्टीलाई लोकतान्त्रिक मुल्य र मान्यताका आधारमा चलाउन सकेमा दोस्रो कार्यकाल उपलब्धिमूलक हुनेछ । काङ्गेसको कमाण्ड समाल्ने ौका पाएका देउवालाई बधाई तथा शुभकामना ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अन्नपूर्ण आमा समुह बैदाममा रेनु लामिछाने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ मंसिर**

अन्नपुर्ण आमा समुह पोखरा महानगर पालिका वडा न ६ बैदामको अध्यक्षमा पुन रेनु थापा लामिछाने चयन भएकी छन ।

संस्थाको बुधबार सम्पन्न १३औ अधिबेशन तथा २६औं साधारणसभाले ढकालको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतिले चयन गरको हो । सस्थाको उपाध्यसक्षमा गोमा पगेनी चयन भएकी छन् । यस्तै सचिवमा चन्द्रकला घिमिरे पहारी, कोषाध्यक्षमा ऋषी माया पहारी, ससचिबमा उर्मिला ढकाल चुनिएकी छन् । यस्तै सदस्यहरुमा सिता पौडेल, भुमि जिसी, जानुका पौडेल, विष्णु पौडेल, मिठु गिरी, सिता ढकाल, रमा शिबभक्ती, तारा रेग्मी, कमला अधिकारी, गौमाता कुवँर, लक्ष्मी गौतम, माया पहारी, गोमा भण्डारी र जमुना भुजेल चयन भएका छन् । निर्वाचित समितिको कार्यकाल दुई वर्षको हुनेछ । निर्वाचन अघी भएको संस्थाको अधिबेशनमा उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा न ६का वडा अध्यक्ष जगत बहादुर पहारीले वडा न ६ रहेका आमा समुहरु मध्य अन्नपुर्ण आमा समुह अरु भन्दा पृथक रहेको बताउनु भयो । संस्थाले समाज रहेका विकृति विसंगतिलाई न्युनिकरण गर्दै जनचेतना फैलाउन सहयोग गरको र आफ्नो क्षेत्रमा फोहोर मैला ब्यवस्थापनमा समेत उलेख्य योगदान रहेको प्रस्टाए । बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले पर्यटकी मजदुर देखी सम्पूर्ण वडाबासीहरुलाई कोभिड रोग विरुद्धको बुस्टर डोज खोप उपलब्ध गराउन आफुले जति सक्दो छिटो स्थानिय देखी प्रदेश सरकार सगँ माग गरको जानकारी दिए । पोखरा महानगर पालिका वडा न ६का वडा सदस्य राममाया विश्वकर्माले सस्थाले समाजमा रहेको विकृति विसंगति सहित अन्धविकासको बारेका जनचेतना फैलाउन आग्रह गरिन । समाज भइरहेको महिला हिंसाका विरुद्द पनि आवाज उठाउनु पर्ने कुरामा जोड दिइन ।

अध्यक्ष रेनु थापा लामिछानेले आफ्नो क्षेत्र भित्र फोहोर मैला ब्यवस्थापन देखी कोभिड र डेङ्गु रोगको बारेका जनचेतना सहित प्रचा पम्पिलेट सहित घरदैलो गरेको सुनाइन । अगामि दिनहरुमा पनि सदस्यहरुको आर्थिक स्तर सुर्धान वडा कार्यलय सगँ समन्वय गरेर सिप मुलक तालिमहरुको आयोजना आउँदा दिनहरुमा गर्ने प्रतिबद्धता ब्यक्त गरीन ।

अध्यक्ष रेनु थापा लामिछानेको सभाअध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गोमा पगेनीले स्वागत मनतब्य राखेको कार्यक्रममा सचिब चन्द्रकला घिमिरे पहारी सल्लाहकार लोकराज पहारी, सल्लाहाकार बलराम गिरी, जगदम्बा आमा समुहकी अध्यक्ष चन्द्रकला अधिकारी, पूर्व अध्यक्ष शान्ति रेग्मी र रेन्वो चिल्डेन होम्सका संचालक गोमा ढकाल लगाएतका बक्ताहरुले संस्थाले समाजमा पुर्‍याएको योगदानको बारेमा चर्चा गर्दै, सदस्यहरुको क्षमता अभिवृद्धि देखी आर्थिक स्तरमा वृद्धि हुने खालका कार्यक्रम ल्याउन आयोजकलाई सुझाब दिएका थिए ।

कार्यक्रममा सचिब चन्द्रकाल घिमिरेले प्रस्तुत गरेको प्रगति प्रतिबेदन र कोषाअध्यक्ष ऋषी माया पहारी प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभाले सर्वसर्म्मत पारित गरेको थियो । संस्थालाई सहयोग गरे बापत रेन्वो चिल्डेन होमका संचालक गोमा ढकाललाई सम्मान गरेको थियो ।

# माध्यमिक तहमा शिक्षकका लागि दरखास्त आह्वान

**रासस**
**काठमाडौं, २९ मंसिर**

शिक्षक सेवा आयोग सानोठिमीले देशको सातवटै प्रदेशमा माध्यमिक तह (तृतीय क्षेणी) शिक्षक पदमा विभिन्न विषयमा गरी कूल एक हजार ५४८ शिक्षकका लागि दरखास्त आह्वान गरेको छ ।

देशभर रिक्त रहेका माध्यमिक तहमा स्थायी नयाँ शिक्षक भर्नाका लागि आयोगले सातवटै प्रदेशबाट आज सूचना जारी गर्दै दरखास्त आव्हान गरेको हो । आयोगले नेपाली विषयमा कूल २३१, अङ्ग्रेजी विषयमा ३१२, गणित विषयमा २८९, विज्ञान विषयमा ४३५, सामाजिक अध्ययन विषयमा २०१, अर्थशास्त्र विषयमा १० र कार्यालय सञ्चालन तथा लेखा विषयमा ५१ शिक्षकका लागि दरखास्त आह्वान गरेको छ ।

शिक्षा, शुक्लयजुर्वेद, स्वास्थ्य, संस्कृत व्यापकरण, संस्कृत भाषा, संस्कृत साहित्य, कम्प्युटर विज्ञान, न्यायजस्ता विषयमा शिक्षकका लागि दरखास्त आह्वान गरिएको आयोगले जनाएको छ । अठार वर्ष उमेर पुगेर ४० वर्ष ननाघेका व्यक्तिले दरखास्त दिन सक्ने व्यवस्था गरिएको छ भने लिखित परीक्षा आगामी चैत १५ गतेका लागि निर्धारण गरिएको छ । शिक्षकका लागि आवेदन दिन शिक्षक सेवा आयोगको आधिकारिक अनलाइन जततउकस्ररयलष्लिभ।तकआ।नयख। लउ दरखास्त प्रणालीमार्फत आगामी पुस २९ गतेसम्म अनलाइन दरखास्त दिनसक्ने व्यवस्था गरेको छ। माघ ६ गतेसम्म दोब्बर दस्तुर तिरेर दरखास्त दिन सकिने आयोगले जनाएको छ ।

चिकित्सा शिक्षा आयोगले पनि चिकित्सा शिक्षा स्नातक तहका विभिन्न कार्यक्रमका एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन खुला गरेको छ । आज आयोगले एक सूचना जारी गर्दै आगामी पुस १४ देखि २० गतेभित्र योग्यता पुगेका उम्मेदवारलाई अनलाइन आवेदन भर्न आह्वान गर्दै सूचना जारी गरेको हो । आयोगले अनलाइन आवेदन पेस गर्नेबारे आयोगको वेबसाइटमा सूचना राखिएको जानकारी दिएको छ ।

# राससका सेवानिवृत्त पौडेलको बिदाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ मंसिर**

राष्ट्रिय समाचार समिति, गण्डकी प्रदेश कार्यालय पोखरामा ३६ वर्ष भन्दा बढी स्थायी सेवामा रही काम गर्नुभएका भोलानाथ पौडेलको एक कार्यक्रमकाबीच बुधबार विदाई गरिएको छ ।

रासस गण्डकी प्रदेश कार्यालय पोखरामा आयोजित कार्यक्रममा रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, सहायक समाचारदाता हरिप्रसाद बास्तोला लगायतले उहाँको विदाई गर्नुभयो । कार्यक्रममा रासस गण्डकी प्रदेश प्रमुख पौडेलले आफ् जो जीवनको लामो समय राससको सेवामा खर्चिनु भएका भोलानाथले गर्नुभएको योगदान प्रशंसनीय रहेको बताउनुभयो । सेवामा रहँदा कर्तव्यनिष्ठता, इमान्दारिता एवम् जिम्मेवारिता जस्ता गुणहरू आँफूले पौडेलमा पाएको बताउँदै उहाँले सेवानिवृत्त जीवन सामाजिक सेवाका क्षेत्रमा लगाउनुहुने विश्वास व्यक्त गर्नुभयो । सहायक समाचारदाता हरिप्रसाद वास्तोलाले राससको सेवा अवधिभर पौडेलले निरन्तर कामप्रतिको लगाव र इमान्दारिता देखाउनुभएको उल्लेख गर्दै सेवा पछिको जीवन स्वस्थ र सकृय बन्ने कामना गर्नुभयो ।

## पेन्सन पट्टा हराएको सूचना

**म पूर्व नेपाली सेना नं. १४१७८७ हवल्दार हरिकृष्ण घिमिरेको परिवार सहुलियत पहेलो पट्टा नं. ५६६४१० यहि मति २०७८/०७/२० गते रामबजारबाट महेन्द्रपुल जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।**

**नामः हरिकृष्ण घिमिरे**
**ठेगानाः पोखरा–१४, चाउथे**
**पेन्सन पट्टा नं.: ५६६४१०**
**सम्पर्क नं. ९८२३४३४३५५**

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Sealed Quotation

**First date of Publication: 16th December, 2021**

1. Phedikhola Rural Municipality, Syangja has allocated funds towards the cost forConstruction of Staute of Bear and other infrastructures at Bhalupahad of Phedikhola Rural Municipality Ward No. 3 and intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-W-SQ-30-078-79. The estimated cost of the work is NRs. 1,489,019.86 (Including Overhead and VAT). Sealed quotation is open to manufactures or (Handicraft/Murtikar) industries or construction companies involved in construction of statue of animals.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjainvites sealed and or electronic Quotation from eligible bidders for the Construction of Staute of Bear and other infrastructures at Bhalupahad of Phedikhola Rural Municipality Ward No. 3under Sealed Quotation (SQ) procedures specified in public procurement act and regulations.
   Only eligible bidders with the following key qualifications should participate in this bidding Process:
   Minimum Work experience of similar size and nature: Successfully completion of 1 statue of animal within the last ten years.
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation (SQ) documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate upon payment of a non-refundable fee of NRs. 1000.00 during office hour of 30December, 2021.
   OR
   A complete set of Sealed Quotation (SQ) documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of Sealed Quotation (SQ) documents (Non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of Sealed Quotation (SQ) documents in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata; (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic Quotation documents must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja by handor through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00hr son 31-December-2021. Sealed Quotation received after this deadline will be rejected.
6. The Sealed Quotation (SQ) will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 31-December-2021 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security in case of hard copy submission or scanned copy of bid security (in pdf format) in case of e-bid, amounting to a minimum of NRs.38,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. In case of cash deposit, the amount should be deposited on Dharauti account of Phedikhola Rural Municipality at Prime Bank Ltd., Phedikhola in Account No. 06500036CA.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjahas right to accept or reject the submitted bids wholly or partially.

# बारपाक सुलिकोटमा निर्माण भएको प्रशासनिक भवन अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले गोर्खाको बारपार्क सुलिकोट गाउँपालिकाको हालै निर्माण भएको प्रशासकिय भवन सहितको भौतिक संरचनाको हालै अवलोकन तथा भ्रमण समेत गर्नु भएको छ।

डाँडामा निर्माण भएको निकै आकर्षक उक्त भवनले प्रदेश सरकारकै नमुना पालिका भवन हुन सक्ने मन्त्री बरालले बताउनु भयो। मन्त्री बराललाई गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्ट, उपाध्यक्ष सनमाया गुरुङले उक्त भवनको बारेमा जानकारी गराउदै स्वागत समेत गर्नु भएको थियो। गाउँपालिका भवन निर्माणसंगै अत्यावश्यक पर्ने पूर्वाधार निर्माण गर्न आवश्यक सहयोगको पहल गर्ने उहाँले जनाउनु भयो। यस बर्षको पहिरोले गर्दा पालिका जोड्ने सडक लगायतका भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारको बिषेश पहल गर्न गाउँपालिका अध्यक्ष भट्टले बताउनु भयो। नेपालका जनयुद्धका प्रथम शहिद दील बहादुर रम्तेलको स्मृतिमा करिब ५ करोडको लागतमा पार्क निर्माण प्रकृया अघि बढाउने भएको अध्यक्षले बताउनु भयो। त्यस्तै मन्त्री बरालले मंगलबार गोर्खाको भिमसेन थापा गाउँपालिका स्थित इसाई एकता समाजले आयोजना गरेको खिष्टमस महोत्सव तथा शुभकामना आदान प्रदान कार्यक्रममा मंगलबार बोल्दै कुनै पनि धर्मलाई जबरजस्ती कसैले परिवर्तन गराउन नपाइने बताउनु भएको छ।

## मालपोत कार्यालय कास्कीबाट जारी गरिएको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा कास्की जिल्ला पार्चे वडा नं. ६ बस्ने गेमलाल पौडेलको श्रीमती शान्ता कुमारी कोइराला पौडेल ले मेरो पति गेमलाल पौडेल २०५७/०४/०९ साल देखि नै शसस्त्र द्धन्दको क्रममा वेपत्ता भएको र हाल सम्म कुनै खबर नभएकोले बेपत्ते गेमलाल पौडेल का नाममा कायम रहेका तपशिल बमोजिमको जग्गा म निजको एकमात्र श्रीमती शान्ता कुमारी कोइरालाको नाममा एकलौटि नामसारी गरि पाउ साथै पतिको नामको ज.ध प्रमाण पुर्जामा नाम ज्ञामलाल जैसी भएको र अन्य प्रमाणमा नाम गेमलाल पौडेल भएता पनि व्यक्ति फरक नभई एउटै मेरो पति गेमलाल भएकोले नामसारी गरि पाउ भनि माग दावि गर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। ज.ध गेमलाल पौडेल हराएको नभएमा वा निजको ठेगान भएको भएमा साथै जिन गेमलालको नजिकको हकदार शान्ता कुमारी कोईराला बाहेक अन्य कोहि भएमा। ज.ध प्रमाणमा भएको ज्ञामलाल जैसी र अन्य प्रमाणमा भएको नाम गेमलाल पौडेल भन्ने व्यक्ति दुई व्यक्ति भएको भएमा, यो सूचना प्रकाशित गरेको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो स-प्रमाण सहित कार्यालयमा दा.वा विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम निवेदक शान्ता कुमारी कोईराला पौडेल ना प्र. नं. ४६१०१६/४९८ मिति २०६७/०२/२५ कास्की को नाममा एकलौटि नामसारी भई जाने व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपशिल

कास्की जिल्ला पार्चे गा.वि.स. वडा नं. १ कि नं. ५९० क्षे.प ५-४-०-२ नामसारी हुने शान्ता कुमारी कोईराला पौडेल

ईति संवत २०७८ साल मंसिर २७ गते रोज २ शुभम्।

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९९५/०५/१७ गते

स्वर्गारोहणः वि.स. २०७८/०८/१८ गते

**स्वः होमनाथ अधिकारी**

कन्सेप्ट मेडी कन्सर्न प्रा. लि. का प्रबन्ध निर्देशक, नेपाल औषधी थोक ब्यवसायी संघ, गण्डकी प्रदेशका महासचिव आदरणीय दाइ गोपाल अधिकारी एवं दाइ रुद्रराज अधिकारीका पुजनीय पिता **होमनाथ अधिकारी** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी मर्माहित एवं स्तब्ध भएका छौं। आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सफल न्यौपाने**
**मनोज सुवेदी**
***निर्देशक***
**कन्सेप्ट मेडी कन्सर्न प्रा. लि.**
**परिवार दरबारथोक ९, पोखरा**

**सफल न्यौपाने**
**मनोज सुवेदी**
**सुर्य अधिकारी**
***निर्देशक***
**जि यश एम ट्रेड कन्सर्न प्रा. लि.**
**परिवार दरबारथोक ९, पोखरा**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९९५/०५/१७ गते

स्वर्गारोहणः वि.स. २०७८/०८/१८ गते

**स्वः होमनाथ अधिकारी**

हाम्रा आत्मीय मित्र गोपाल अधिकारीका पुजनीय पिता **होमनाथ अधिकारी** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी मर्माहित एवं स्तब्ध भएका छौं। आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**शोभाकान्त सिग्देल**
**नारायण भण्डारी**
**विजय अधिकारी**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९९५/०५/१७ गते

स्वर्गारोहणः वि.स. २०७८/०८/१८ गते

**स्वः होमनाथ अधिकारी**

हाम्रा प्रातः स्मरणीय, पुजनीय पिता/हजुरबुबा **होमनाथ अधिकारी** को ८३ वर्षको उमेरमा असामयिक अकल्पनीय ब्रह्मलीन हुनु भएकोमा हामी अत्यन्त दुःखित एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुखको घडीमा हामीलाई प्रत्यक्ष भेटेर वा सामाजिक संजाल मार्फत समवेदना तथा ब्रम्हलिन हुनुभएको बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने सम्पूर्ण इष्टमित्र, बन्धुबान्धव र शुभचिन्तकहरुप्रति कृतज्ञता प्रकट गर्दछौं।

**छोरा/ बुहारी :**
रुद्रराज/ सावित्री अधिकारी
गोपाल/ निर्मला अधिकारी
कमल/ कमला अधिकारी
सुर्यभक्त/ मिना अधिकारी
हिरामणी/ राधा अधिकारी
युबराज/ मिना अधिकारी
ध्रुव/ शिवदेवी अधिकारी
कुश अधिकारी
लब अधिकारी

**छोरी ज्वाइँ :**
राम प्रशाद ओझा
सुमित्रा/ नारायण खनाल
शान्ता/ प्रकाश पाण्डे
सुनिता/ भुजलाल पौडेल

**नाति,नातिनी,नातिनी बुहारी,नातिनी ज्वाइँ :**
अभिषेक, सचिन, अस्मिता, शाहारा अधिकारी
पुर्ण प्रसाद/ मिना ओझा
डिल्लीराम/ लक्ष्मी ओझा
गुणराज/ दिपा ओझा
बिष्णु/ सरस्वती ओझा
प्रदिप/ पुजा ओझा
कमल ओझा
सृजना/ कृष्ण सुवेदी
जनक/ पवित्रा पन्थी
कल्पना/ बल बहादुर कुँवर
यशोदा/ महेन्द्र पन्थी
अन्जु / पितम्बर लामिछाने
सूर्यभक्त खनाल, प्रशान्त पाण्डे, प्रशंसा पाण्डे, सुलभ पौडेल

**तथा सम्पूर्ण अधिकारी परिवार**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९९५ साल

स्वर्गारोहणः वि.स. २०७८/०८/२४ गते

**स्वः चेतमान श्रेष्ठ**

यस 'फूलबारी नेवाः गुठी' पोखरा-११ का सदस्यहरु सन्तमान, राममान र डोलराज (ध्रुव) श्रेष्ठका पुजनीय पिता पोखरा-१३ निवासी आदरणीय **चेतमान श्रेष्ठ** को ८३ वर्षको उमेरमा असामयीक निधन भएकोमा गुठी परिवार अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज सातौं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अध्यक्ष-** शान्त कुमार श्रेष्ठ
**सचिव-** शान्तरत्न गुभाजू
**कोषाध्यक्ष-** नारायण श्रेष्ठ
**क्रियाशील सदस्यद्वय-** क्या. कृष्ण बहादुर श्रेष्ठ
महेश कुमार श्रेष्ठ

**सदस्यहरूः**
गोपीमान श्रेष्ठ
भक्तमान श्रेष्ठ
देव कुमार श्रेष्ठ
बाबुराम श्रेष्ठ
संजिव श्रेष्ठ
राधाकृष्ण श्रेष्ठ
क्या. गणेश कुमार श्रेष्ठ
ओम श्रेष्ठ
रत्नमान गुभाजु
अधिवक्ता- सोम बहादुर श्रेष्ठ
गुप्तमान श्रेष्ठ
बसन्त श्रेष्ठ
मान कुमार श्रेष्ठ
रवि सुन्दर श्रेष्ठ
उत्तम कुमार श्रेष्ठ
कृष्ण मानान्धर
डिल्लुराम श्रेष्ठ
प्रताप श्रेष्ठ

**तथा**
**फूलबारी नेवाः गुठी परिवार**
**पोखरा-११**